# गतिशील लोकतान्त्रिक पार्टी

## - सबै मिलौं, देश बचाऊँ, देश बनाऊँ -

### *भदौ २४ ले देखाएको सम्भावना*

अरू आन्दोलनभन्दा भदौ २४ बिल्कुलै भिन्न एवं महत्वपूर्ण छ । त्यस दिनको आन्दोलनले तीन घण्टा नबित्दै सम्पूर्ण राष्ट्रको शासकीय पद्धती धरापमा पारेको थियो । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको धेरै सरकारी कार्यालयहरूमा क्षति पुगेको थियो । खर्बौको निजी घर, उद्योग, डिर्पाटमेन्टल स्टोर, होटल, रिसोर्टहरू खरानीमा परिणत भएका थिए । सरकारको उपस्थिति शुन्यप्रायः थियो ।

मुलुकमा यसभन्दा अगाडि पनि धेरै आन्दोलन भएका थिए । कुनै वर्षौवर्ष त कुनै महिनौंमहिना । तर यस किसिमको उथलपुथल कहिल्यै भएको थिएन । अर्थात् केही घण्टामै सत्ता परिवर्तन भएको थिएन । यसको सुक्ष्म विश्लेषण हुनु जरूरी छ ।

प्रथमतः हामी भदौ २३ र २४ मा भएको 'जेन जी आन्दोलन'का शहिदहरूप्रति सम्मान तथा घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्छौं । सरकारसँग घाइतेहरूलाई रोजगारी एवं पुनर्स्थापनाको माग पनि गर्छौं ।

देशमा प्रजातन्त्र ल्याउन विभिन्न कालखण्डमा आन्दोलनहरू भए । तात्कालिन सरकारका बन्दुकको नालबाट निस्केका गोलीले दर्जनौंदर्जन शहिद एवं घाईते भए, धेरैले जेलनेल भोग्नु पऱ्यो । प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, संघीयता तथा नागरिक अधिकार प्राप्तिको आन्दोलनमा शहादत प्राप्त गरेका सम्पूर्णत ज्ञातअज्ञात शहिदहरूप्रति हार्दिक नमन गर्दछौं ।

**आन्दोलनका कारक र कारणहरू**

तीन दशक अघि २०४६ सालको राजनीतिक परिवर्तनपछि बहुदलिय शासन व्यवस्था परीक्षण हुदै आएको थियो । यो परीक्षणमा कुनै पनि निर्वाचित सरकारले निर्धारित कार्यकाल पूरा गरेनन् । मध्यावधि चुनाव हुने, थुप्रै गठबन्धन बन्ने र भत्किने सिलसिला जारी रह्यो । २०७२ सालमा गणतान्त्रिक संघीय शासन सहितको संविधान जारी भएपछि दुई वटा चुनाव भए तर बिडम्बना दोस्रो पटकको चुनावबाट गठन भएको प्रतिनिधि सभाले पाँच वर्षको पूर्ण आयु पूरा गर्न पाएन ।

बहुदलीय व्यवस्थाको पुनर्स्थापनादेखि भदौ २४ गतेसम्म आईपुग्दा हरेक सर्वसाधारणमा कुशासन, बेथिति एवं भ्रष्टाचारविरूद्ध चरम आक्रोश पैदा हुनु स्वाभाविक हो । यस अवधिका कुनै पनि सरकारले जनताले दिएको म्यान्डेट अनुसार काम गर्न सकेनन्, आ–आफ्ना दलगत स्वार्थमा मात्र लिप्त रहे ।

उल्लिखित कारणसहित २६ वटा सामाजिक सञ्जाललाई बन्द गर्ने सरकारी कदमले जनआक्रोशलाई विष्फोट गराउने काम गर्यो । राज्यसत्ता तथा स्थापित राजनीतिक पार्टीहरूको विरूद्ध व्यापक आन्दोलन भई तीन घण्टामै शासन सत्ता परिवर्तन भयो ।

२०४७ सालपछि स्थापित सम्पूर्ण राजनीतिक पार्टीहरूले आफ्नो गतिविधिलाई सीमित नेता र कार्यकर्ताको स्वार्थ पूर्तिमा केन्द्रीत गरे । राजनीतिलाई समाज एवं राष्ट्र सेवा नभई नाफामूलक पेशाको रूपमा परिणत गरे । सरकारमा होस वा दलमा शिर्ष नेताहरू बाँचुञ्जेल कुर्सीमा रहने परम्परा स्थापित गरे । सत्तालाई राज्यदोहन र अकुत सम्पत्ति आर्जनका लागि मात्र प्रयोग गरे ।

सार्वजनिक पद, प्रहरी प्रशासन, निजामती सेवा, न्यायपालिकामा चरम राजनीतिक हस्तक्षेप भयो । स्वाभिमानी विचार र मेहनती हातहरूलाई हतोत्साहित गरियो । पेशा, व्यवसाय, ठेक्कापट्टा, पूर्वाधार निर्माण, राज्यले प्रदान गर्ने सहायता, अनुदान, ईजाजत आदिमा नेता नजिकका मान्छेले मात्र अवसर पाउने परिपाटी विकास भयो ।

राजनीतिक दलले सम्पूर्ण राष्ट्रलाई नै आश्रय र आश्रितमा परिणत गराए ।

कसैले पनि कुनैपनि कार्य गर्दा कुनै न कुनै राजनीतिक पार्टीको आड र भनसुनबाट मात्र सम्भव हुने अवस्था सिर्जना भयो । राजनीतिक आड तथा भनसुनबाट नहुने कार्यहरू ठूलो लेनदेनबाट मात्र सम्भव हुने भयो । अर्थात् सबै नियम विधि कुल्चियो ।

राजनीति विरोधको मात्र भयो, देश विकास, दिगो रोजगारीको कुनै योजनावद्ध कार्य हुन सकेन । शिक्षा प्रणाली विशेषगरी माध्यमिक विद्यालयको शैक्षिक स्तर पूर्ण रूपमा ध्वस्त भयो । बिना सीप र बिना गहिरो अध्ययनको बेकामे जनशक्ति तैयार हुन थाल्यो । फगतः विदेशी भूमिको टण्टलापूर घाममा काम गरेर मासिक सरदर ३०-३५ हजार रूपैया घर पठाउन सक्ने कष्टदायक रोजगारी अगाँल्न युवा वाध्य भए । विदेशमा काम गर्न जान नसक्ने जनशक्ति देशमै अर्ध बेरोजगार वा बेरोजगार भएर बस्ने अवस्था सिर्जना भयो ।

अर्कोतिर पार्टीका नेता, कार्यकर्ता र नेतासँग आश्रित ठेकेदार, व्यापारीले अकुत सम्पत्ति आर्जन गर्न थाले ।

राजनीतिक दलको कार्यकर्ता नभई कर्मचारीतन्त्र, प्रहरी प्रशासन तथा न्यायपालिकामा खुट्टै टेक्न नसकिने वातावरण निर्माण भयो । सामन्ती समाजमा जस्तो ठूलाबडाले टिका लगाएर पद दिने र पजनी गर्ने प्रवृत्तिले गणतन्त्रसम्मै निरन्तरता पायो ।

**अबको कार्यदिशा**

जेन जीको आन्दोलनपछि कार्यवाहक मन्त्रीमण्डल स्थापित भइसकेको छ । अहिलेको सरकारको लक्ष्य ६ महिनाभित्र निष्पक्ष चुनाव गराउनु हो । निर्धारित समयभन्दा दुई वर्ष अगाडी नै निर्वाचन हुँदा देशलाई निकै ठूलो आर्थिक भार हुन्छ । विकास योजना तथा राज्यको दायित्व भित्रका अन्य कार्यक्रमबाट रकमान्तर गरी चुनाव गर्नुपर्छ । यसले सिर्जना गरेको दायित्वप्रति तात्कालिन राजनीतिक दलहरू जवाफदेही हुनुपर्छ ।

**अबको विकल्प के त ?**

अब फेरि विरोधको राजनीति र पेशागत राजनीतितिरै उन्मुख हुने हो भने हिजोको अवस्था भन्दा अझ फरक रूपमा भयावह अवस्था निर्माण हुने डर छ । प्रतिशोधको राजनीति भएको खण्डमा सन् १७८९ मा फ्रान्सेली जनक्रान्तिमा जस्तो रब्सपियरको तीन वर्षे आतंकको शासन हुदै नेपोलियन बोनापार्टको तानाशाहीमा गएर टुंगिने खतरा हुन्छ । त्यसैकारण अब राष्ट्रप्रति जवाफदेही आम नागरिक एक ठाउँमा आएर समतामूलक विकासको निम्ति एकबद्ध हुन जरूरी छ । अब राजनीतिलाई पेशा बनाउन पाइदैन । राजनीतिमा आउनेले निश्चित समयका लागि मात्र आउनुपर्छ ।

आजको मुल समस्या बेरोजगारी हो । यो समस्यालाई उच्च प्राथमिकतामा राखेर विभिन्न रोडम्यापसँगै समय तालिका निर्धारण गरिनुपर्छ ।

तसर्थ अब आम नेपाली नयाँ सोच नयाँ राष्ट्र निर्माणका लागि अगाडी आउनुपर्छ ।

**हामी किन ?**

सबै नेपालीको प्रथम अधिकार रोजगारी हो- त्यो पनि दिगो रोजगारी । यो नै सरकारको प्रथम कर्तव्य हो । सरकारको पूर्ण कार्य भनेकै विकासको कार्य, लगानीको कार्य, राज्य व्यवस्थापनको कार्य, नागरिकका लागि दिगो रोजगारी सिर्जना गर्ने हो । हरेक नागरिकलाई सिर्जनशील तथा रचनात्मक कार्यमा व्यस्त राख्ने वातावरण निर्माण हो । त्यसपछि मात्र समाज र राष्ट्र चलायमान हुन्छ । राष्ट्रमा समृद्धि र शान्ति सुव्यवस्था स्थापित हुन्छ । यसैकारण हामी नेपालको भविष्यप्रति चिन्तनशील आम नागरिक यसको समाधानका लागि पार्टी खोल्ने निष्कर्षमा आएका छौं । राजनीतिमा होमिनु हाम्रो राष्ट्रप्रतिको चिन्ता हो, पेशा होईन । हामी विविधताको सुसंस्कृति र सामाञ्जस्यपूर्ण समाजका लागि बहुलताको राजनीतिक लिएर आएका छौं ।

हाम्रा लागि सत्ता राज्यदोहनको साधन होईन । पार्टी र सरकारमा एक पद एक व्यक्तिको अवधारणा शुरूदेखि नै लागु गरिनेछ । छोटो अवधिका लागि मन्त्री, प्रधानमन्त्री भएपनि दुई चोटीभन्दा बढी प्रतिनिधित्व गर्न पाइने छैन । अर्थात् दुई कार्यकालपछि ऊ आफ्नो नियमित सामाजिक जीवनमा फर्किनै पर्छ । यसैगरी पार्टीलाई गतिशील बनाउनका लागि निम्न व्यवस्थाहरूलाई अभ्यासमा ल्याइनेछः

- पार्टीको कुनै पनि सदस्य, एकै पदमा दुई कार्यकालको लागि मात्र बहाल रहन सक्ने ।
- पार्टीको जुनसुकै कार्यसमितिको पदमा सोऱ्ह वर्षसम्म बहाल रहेपछि, पार्टीको कुनै पनि कार्यसमितिको पदमा नियुक्त हुन नपाउने ।
- पार्टी कार्य समितिका पदाधिकारी र सार्वजनिक पदमा जाने व्यक्ति छुट्टाछुट्टै हुने ।
- सार्वजनिक पद मन्त्री, प्रधानमन्त्रीमा दुई चोटीभन्दा बढी प्रतिनिधित्व गर्न नपाईने ।
- पार्टीको हरेक गतिविधि खुल्ला सफ्टवेयरको माध्यमबाट निगरानी गर्ने ।

- निकटको चुनाव बाहेक आगामी चुनावहरूमा स्थानीय स्तरको शुरूवाती (Primary) तहबाटै सबैको सहभागितामा उम्मेदवार छान्ने ।
- देशको सबै भुगोलमा सुशासन, उद्यमशीलता र समताको प्रतिबद्धता गर्दै संघीय स्तरमा प्रत्येक एजेण्डामा महासचिवहरू र प्रदेश र पालिकामा सचिवहरू रहनेछन् ।
- यसैगरि पार्टीको सबै तहमा चेतनशील, कर्मठ, समावेशी नेतृत्व हुने ।

यसले राजनीतिलाई पूर्णकालिन पेशामा बन्देज लगाउँछ भने नयाँ अनुहार र सोचको प्रवाहलाई थप बढावा दिन्छ । भविष्यको पुस्ताको लागि एउटा संस्थागत नासोको रूपमा स्थापित हुन्छ ।

हामीले आश्रय र आश्रित राजनीतिलाई वर्जित गरेका छौं । त्यसैले हाम्रा कुनै पनि वर्गीय संगठन हुने छैन । हाम्रो पूर्णकालिन कार्यकर्ता पनि हुनेछैन । २० प्रतिशतभन्दा कम मत पाएको खण्डमा हामी सरकारमा पनि सामेल हुने छैनौं ।

**पारदर्शि हिसाब किताब**

पार्टी आम्दानीको मुख्य स्रोत नै कार्यकर्ता, शुभेच्छुक एवं सर्वसाधारण जनताहरू हुन् । उहाँहरूबाट प्राप्त रकम कम्प्युटरकृत प्रणालीबाट जम्मा गरिनेछ । पार्टीको हरहिसाबमा पूर्ण पारदर्शिता अपनाईनेछ ।

- पार्टीलाई प्राप्त सहयोग रकम वेवसाईटमा प्रकाशित गरिनेछ ।
- वार्षिक बजेट बिनियोजन अनुसार खर्च विवरण पनि वेवसाईटमा राखिनेछ ।
- आधिकारिक लेखा परीक्षकबाट त्रैमासिक एवं वार्षिक हरहिसाब एवं वासलात तयार गरि सबैले हेर्न मिल्नेगरि पार्टीको वेवसाईटमा राखिनेछ ।

**हाम्रो आह्वान**

अब समर्थ नेपाली मुकदर्शक भएर बस्नु हुँदैन । जोसँग सोच एवं सामर्थ्य छ, तिनीहरूले राष्ट्रलाई सही दिशातिर डोऱ्याउन अगाडी आउनुपर्छ । समुन्नत राष्ट्र निर्माणमा रोजगारी, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार अहम् विषय हुन ।

अबको सरकार पूर्ण पारदर्शी र भ्रष्टाचारप्रति शुन्य सहनशील हुनेछ । राज्य सञ्चालनको अवधारणा हामीले बनाउन थालिसकेका छौं । अब सबै तप्काका कार्य योजनाहरू घोषणा पत्रमा सार्वजनिक गर्दै जानेछौं र बहसका लागि सबै पक्षलाई आह्वान गर्छौं । जसले गर्दा चुनाव समापन हुने बित्तिकै पहिलो दिनदेखि राष्ट्र सुशासन, समावेशी र समतामूलक समुन्नतीतिर लम्कने छ र दिगो रोजगारी सिर्जना हुनेछ ।

सार्वजनिक संस्थानलाई जनमुखी सेवा प्रदायक रूपमा विकास गरिनुपर्छ । ति निकायहरूमा राजनीतिक नियुक्तीलाई निषेध गरिनुपर्छ । निजामति सेवाले सिर्जनशील र बजारको श्रेष्ठ प्रतिभालाई भित्र्याउन सक्नुपर्छ । अकर्मण्यता क्षम्य हुनुहुदैन ।

दिगो रोजगारी समृद्धिका अभिन्न अंग शिक्षा, पर्यटन, कृषि र ऊर्जा हुन् । त्यसैगरि स्थानीय सरकार सञ्चालन र स्वास्थ्य सुविधा अत्यावश्यक आधारभूत सेवा हो । यससम्बन्धी सोच र विशेष कार्यक्रम हामी तिहारलगत्तै सार्वजनिक बहसका लागि ल्याउने छौं । त्यसमा सहभागी हुन सबै पक्षलाई आह्वान गर्नेछौं ।

राष्ट्रमा विधिको शासन हुनुपर्छ । विधिको शासन सर्वसाधारणलाई मात्र नभई राजनीतिक पार्टी, निजामती, कर्मचारी, व्यापारी एवं उच्च ओहदामा बस्ने सबैका लागि हो । त्यसैले यसको पालना अक्षरशः हुनुपर्छ । विधिको शासनमा आफुखुशी गर्ने तथा ऐन नियम पालना नगरेका विगतदेखि वर्तमान पुस्ता 'बेबी वुमरदेखि जेन जी, जेन अल्फा तथा जेन बिटा' सबैलाई समेटिनु पर्छ ।

उद्योग र उद्यमशीलता अर्थतन्त्रका खम्बा हुन् । राष्ट्रलाई अग्रसरतातर्फ डोऱ्याउने सबैभन्दा छिटोछरितो माध्यम नै गतिशील अर्थतन्त्र हो । जोखिम उठाएर, सिर्जनशील भएर लगानी गरि देशमा स्वरोजगार हुने, रोजगारी सिर्जना गर्ने र राज्यलाई कर बुझाएर राज्य सञ्चालन, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, विकास निर्माण आदि कार्य सम्भव बनाउने उद्यमशील व्यक्तिहरूलाई हामी प्रोत्साहन र सम्मान गर्छौं । हामी उनीहरूलाई पनि राजीतिमा आएर उद्यमशीलता प्रवर्द्धन गर्ने नीति निर्माणमा प्रत्यक्ष संलग्न हुन प्रेरित गर्छौं । साथै, उद्यमीहरूको राजनीतिक सहभागिता निर्विवाद र सम्मानित बनाउन, नीतिगत भ्रष्टाचार र स्वार्थ बझान नहुने निश्चित गर्न आवश्यक नीति तथा कानुन बनाउने छौं ।

**र, अन्त्यमा**

अहिलेको अवस्थालाई देखेर कोही पनि देशबाट पलायन हुनुपर्दैन । हामी सबै मिलेर देशलाई समृद्धितर्फ फेरि उकास्ने छौं । यसका लागि सम्पूर्ण देशप्रेमी जनता, उद्योगी, व्यापारी, कर्मचारी, प्रशासक तथा पेशेवर सबैलाई आह्वान गर्दछौं ।

अबको चुनावमा पनि विरोधको राजनीति, पेशागत राजनीतिले प्रश्रय पायो भने नेपाल गहिरो अध्याँरो खोंचमा फस्नेछ जसबाट निस्कन धेरै मेहनत र बलिदान गर्नुपर्ने हुन्छ ।

त्यसैकारण अब सोचयुक्त र सिर्जनशील राजनीति गरौं । ईमान्दारीको राजनीति गरौं । त्यागको राजनीति गरौं । अबको नेपालमा एउटा नियमसंगत राजनीतिक संस्कारलाई विकास गरी स्थापित गरौं । आजको पुस्ता र भावी पुस्ताले समावेशी र समतामूलक उज्ज्वल भविष्य प्राप्त गर्न सकुन ।

यो हाम्रो आह्वानपत्र हो । माथि भनिए झैं हामी घोषणापत्र तथा अन्य दस्तावेज आउने दिनमा सार्वजनिक गर्दै जानेछौं ।

नेपाल आमा जहिले पनि खुसी रहुन र हाम्रो देश सुन्दर, शान्त र विशाल रहोस् ।

*सबैमा गतिशील अभिवादन*